# सुन्दरबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सुन्दरबजार, लमजुङ
### गण्डकी प्रदेश, नेपाल

**सवारी साधन जिप र मोटर साईकल खरिद सम्बन्धी पुन: शिलबन्दी बोलपत्र आव्हानको सूचना**

( सूचना प्रकाशित मिति २०७५/०६/२८)

यस नगरपालिकाको कार्यालय प्रयोजनका लागि एक थान जिप र दश थान मोटर साईकल खरिद गर्ने सम्बन्धमा मिति २०७५/०५/१७ मा प्रकाशित सूचना अनुसार पेश भएका सबै वोलपत्रहरु यस कार्यालयको मिति २०७५/०६/२४ गतेको निर्णय अनुसार अस्वीकृत गरिएकोले पुन: वोलपत्र आव्हान गरिएको छ । नेपाल सरकार वाट सम्बन्धित कामका लागि इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, संस्था, कम्पनी वा कम्पनीको अधिकृत बिक्रेतावाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम खरिद गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनिले लेटर प्याडमा अधिकार प्राप्त ब्यक्तीले दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व. २०७५/०७६ को लागि नविकरण भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको ईजाजत पत्र, स्थायी लेखा नं. र मु.अ.कर दर्ता प्रमाणपत्र साथै आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा आय विवरण पेश गरेको प्रमाणीत कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको निस्सा वा प्रमाण र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) बमोजिमको स्व घोषणा पत्र साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने) यस कार्यालयको राजश्व शाखामा जम्मा गरेको नगदी रसिद वा नेपाल बैंक लिमिटेड, सुन्दरबजार शाखा मा रहेको संचित कोष खाता न १५३०३००००००००४००१००१ मा गरेको भौचर संलग्न गरी www.bolpatra.gov.np/egp वाट यो प्रकाशित मितिले १५ दिन सम्म बोलपत्र फाराम खरीद गर्न सकिने छ ।

२. खरीद गरिएको बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउसो १२.०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरि ठेक्का नं., बोलपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई www.bolpatra.gov.np/egp दर्ता गराउन सकिने छ ।

३. बोलपत्र सम्बन्धि कागजात दाखिला गर्दा सूचना तथा बोलपत्र पुस्तिकामा उल्लेख भए बमोजिमका कुराहरु खुलेको प्रमाण बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । उल्लेखित मूल्यांकनका आधारहरु पुरा नगर्ने बोलपत्र दाताहरुको बोलपत्र स्विकृत गरिने छैन ।

४. दर्ता भएका बोलपत्र सोहि दिनको २.०० बजे बोलपत्र दर्ता गर्ने फर्महरुको सम्वन्धित व्यक्ति वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र दर्ता वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिनको सोहि अनुसारको समयमा दर्ता गर्ने र खोल्ने काम हुनेछ ।

५. बिल अफ क्वान्टीटीमा निर्दिष्ट भए अनुसार जम्मा कवोल रकम उल्लेख गरि सो रकममा मूल्य अभिबृद्धि कर समेत जोडि कूल जम्मा अंक र अक्षर दुबैका स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको मान्य हुनेछ ।

६. शिलबन्दी बोलपत्र साथ जमानत वापत तपसिलमा उल्लेखित रकममा नघटाई यस नगरपालिका कार्यालयको राजश्व शाखामा जम्मा गरेको नगदी रसिद वा यस कार्यालयको ने.बैं.लि. सुन्दरबजार शाखामा रहेको धरौटी खाता नं. १५३०३००००००००३००००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा बोलपत्र पेश गर्ने अन्तिम मिति वाट १२० दिन सम्म मान्य भएको जमानीपत्र (Bidbond)समावेश भएको हुनुपर्नेछ । अन्यथा बोलपत्र रीत नपुगेको मानिने छ ।

७. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा संलग्न गरिएको स्पेसिफिकेसन तथा अन्य ब्यहोरा प्रष्ट रुपमा पढि सहि छाप गरि पेश गर्नु पर्नेछ । शिलबन्दी बोलपत्र दाताको ग्राहयता (Eligibility)प्रमाणित गर्ने कागजातहरु शिलबन्दी बोलपत्र साथ संलग्न हुनु पर्नेछ ।

८. रीत नपुगेको, म्याद नाघि प्राप्त भएको,केर मेट भई अंक अक्षर नबुझिने र सच्याईएको स्थान तथा बोलपत्र फारामको प्रत्येक पानामा बोलपत्र दाता वा नीजको आधिकारीक प्रतिनिधिको हस्ताक्षर नभएको वा सिलबन्दी नभएको (e-bidding को प्रकृया वमोजिम नभएको) बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. बोलपत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०.अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन समेत) तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ । अन्य जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| सि.नं. | ठेक्का नं. | सवारी साधन | संख्या | बोलपत्र फारम दस्तुर | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|---|
| १ | ०१/२०७५/०७६ | Minimum 2100 CC Four stroke four cylinder, water cooled, turbocharged diesel Engine, 4 Wheel Drive Jeep Vehicle. | १ (एक) | रु.३०००।०० (तीन हजार) | रु १७९१७५।०० (एक लाख उनासी हजार एक सय पचहत्तर) |
| २ | ०२/२०७५/०७६ | 125 CC Motorcycle, Sturdy design, Suitable for driving on rough road conditions. | १० (दश) | रु.३०००।०० (तीन हजार) | रु ६६०७५।०० (छैसठ्ठी हजार पचहत्तर) |